# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः २४ जुलाई २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- मदन तामंग हत्या काण्ड मुद्दामा ट्रायल कोर्टले आगामी सुनवाई २५ अगस्तको दिन गर्नेछ।
- गोजमुमो अध्यक्ष विमल गुरूङले पार्टी कार्यकर्ता कल्याण राईको गान्तोकमा भएको निर्मम हत्या प्रति विरोध जनाएका छन्।
- खरसांगको विश्व प्रसिद्ध डउहिलमा प्रंसिडेन्सी विश्वविध्यायको तेस्रो क्याम्पस चाँडै संचालनमा आउने जीटिए प्रमुख अनित थापाले बताउनु भएको छ।
- राज्यको सरकारी कर्मचारीहरूले रहल २५ प्रतिशत डी.ए ममता सरकारले नदिएको विरोधमा २८ जुलाई नवान्न अभियान गर्ने छन्।
- आउँदो २७ जुलाई शहीद दिवस पालन गर्ने तयारीहरू विभिन्न दलहरूले थालेका छन्।
- आपसी पार्टीभित्रको मुर्शिदाबादमा फेरी एक टिएमसी को हत्जया। टिएमसी विधायक हुँमायु कमिटिले १५ अगस्तको दिन नयाँ पार्टीको घोषणा गर्नेछन्।

**मदन तामंग हत्या ट्रायल**

अन्ततः १५ वर्षको मुद्दा पछि दार्जीलिङ पहाड़का एकजना शीर्ष विपक्षी नेता मदन तामंग हत्या काण्डका आरोपीहरू विरूद्ध ट्रायल शुरू भएको छ। कोलकाताको सिटी सेसन अदालतमा हिजो भर्चुअल माध्यममा कालेबुङका विधायक रूदेन सादा लेप्चा , जीटिए का उप- मुख्य कार्यपाल संचवीर सुब्बा , कालेबुङका पूर्व विधायक ड़ा. हर्कबहादुर छेत्री , गोजमुमो अध्यक्ष विमल गुरूङ , गोजमुमो महासचिव रोशन गिरी , विमल गुरूङकी पत्नी आशा गुरूङ, जीटिए सभासद विनय तामंग सहित ४६ आरोपीहरू पेश भएका थिए। एक अन्य आरोपी पुरण राई प्रेसिडेन्सी सुधार गृहबाटै अदालत समक्ष भर्चुअल माध्यमद्वारा पेश भए।सीबीआईले मदन तामंग हत्या काण्डमा बेंगलोरबाट पुरन राईलाई केही दिन अघि पक्राउ गरेको थियो अब यस मुद्दाको अर्को सुनवाई २५ अगस्तको दिन गरिनेछ। स्मरण रहोस तत्कालिन जीटिए मुख्य कार्यपाल तथा जीजेएमएमका अध्यक्ष विमल गुरूङ विरूद्ध आन्दोलन गर्दा दिउँसै कैमराकै अघाड़ी चौरस्ता नजीक क्लब साईडमा मदन तामंगको २१ मई २०१० को दिन गोरखा लीग नेता मदल तामंगको हत्या गरिएको थियो।

**विमल गुरूङ - कल्याण राई मर्डर**

गोरखा जनमुक्ति मोर्चाका सदस्य कल्याण राईको गान्तोकमा भएको निर्मम हत्या प्रति अध्यक्ष विमल गुरूङले कड़ा आपत्ती जनाएका छन्। उहाँले सिक्किमका प्रशासनिक अधिकारीहरूसित फोनमार्फत कुराकानी गरि यस हत्याको निष्पक्ष र उच्च्व स्तरीय जाँचको मांग गरेका छन्। लेबोंग निवासी कल्याण देवानको निर्मम हत्या गए २१ जुलाईको राति गान्तोकको तादोंगमा गरिएको थियो।वन विभागका एक अवकाश प्राप्त अधिकारी पेमा ग्याल्पो लाअिंगपाले पुलिस थाना पुगेर आफूले कल्याण राईको हत्या गरेको भन्दै आत्म समर्पण गरेका थिए। तथा सिक्किम पुलिसले उसलाई पक्राउ गरी कठोर सजाय दिलाउने कुरा बताएको छ। हिजो मृतकको शव लेबोंग ल्याईएको थियो। आज विमल गुरूङ मृतकको घर पुगी श्रदाजंली अर्पित गरे। श्री गुरूङले सिक्किमको बिग्रीन्दै गएको कानुन व्यवस्था प्रति गहिरो चिन्ता व्यक्त पनि गर्नुभयो। स्मरण रहोस विगत केही महिना देखि विपक्षी दलहरूको कार्यकर्ता र नेताहरूमाथि सिक्किममा लगातार हमला भइरहेको छ। सिक्किम बीजेपी को एक शीर्ष टोली अध्यक्ष डी.बी थापा को नेतृत्वमा राज्यपाल ओम प्रकाश माथुर सित भेट गरि एसकेएम को शासनमा

राज्यमा हिन्सा र हत्याका घटनाहरू विशेष गरी विपक्ष नेताहरूमाथि दिउँसै प्राणघातक हमलाहरू भईरहेको मा गंभीर चिन्ता व्यक्त गरेको छ।

## डाउहिल-प्रेसिडेन्सी युनिभर्सिटी

डाउहिल खरसाङमा प्रेसिडेन्सी युनिभर्सिटीको तेस्रो क्याम्पस सञ्चालनमा आउने प्रक्रिया पूर्ण भएको छ। यस विषयमा गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यपाल अनित थापाले खुशी व्यक्त गर्नु हुदै बधाई दिनु भएको छ I उहाले आज शोसल मिडियामा पोस्ट गर्नु हुदै भन्नु भएको छ, खरसाङलाई शैक्षिक हब बनाउने सपनाको थुप्रै योजनाहरूमा आज मेरो एउटा सपना पूरा भयो। यस युनिभर्सिटीलाई प्रेसिडेन्सी युनिभर्सिटीको हिमालयन केन्द्र भनेर पनि जानिने छ। उहाले शिक्षाको राम्रो हब बनेको खरसाङ आन्दोलन समयपछि पहाडको अन्य ठाउँ भन्दा धेर सुनसान बनेपछि आफुहरुले यहाँ केही गर्नु पर्छ भन्ने सोँच राखेर सरकार समक्ष युनिभर्सिटीको माग राखेपछि सरकारले पनि सुनि दिएको र यसको पूर्वाधारको निर्माण भएपछि अब युनिभर्सिटी चाँडै सञ्चालन हुने बताउनु भएको छ।

## चालक संगठन- विरोध प्रदर्शन

सिलगढीबाट खरसाङ आईरहेको यात्रीवाहक वाहनको चालकलाई कुटपिट गरेको भन्दै आज बिहान दार्जिलिङ मोड क्षेत्रमा तराई चालक संगठनले न्यायको माग गर्दै साना वाहनहरू रोकेर विरोध प्रदर्शन गर्यो । घटना क्रम अनुसार बुधबार बिहान सिलगढीबाट पर्यटकहरु बोकेको सुमो वाहनले खरसाङ गईरहेको समय रोहिणी रोडको कारगिल डाँडामा एउटा ट्रकलाई ओभर टेक गर्न खोज्दा ट्रक चालकले गाली गरेको र पछिबाट साथीहरु पनि बोलाएर वाहन चालकलाई कुटपिट गरिएको आरोप ट्रक चालकमाथि लागेको छ।

## सिलगड़ी गाजा बरामद

सिलगड़ी पुलिसले हिजो राति छापामारी गरी राष्ट्रिय राजमार्ग संख्या -१० नजीक एक वाहनबाट २० किलो भन्दा बढ़ी गाँजा बरामद गरेको छ। पुलिसको यस कारवाहीमा दुई जना गाँजा तस्करहरूलाई पक्राउ गरिएको छ। गिरफ्तार दूवै आरोपी कुचबिहारको निवासी रहेको कुरा खुलेको छ। प्रधाननगर थानाले एउटा गुप्त सूचना पाएपछि सो कारवाही गरेको हो। महानन्दा पूल नजीक रहेको सरकारी अथिति गृह छेउबाट यो गाँजा बरामद गरिएको हो। तलाशीको बेला चार चक्के वाहनको बोनट भित्र १०-१० किलोको पोकामा गाँजा लुकाईएको थियो। संबघित पुलिस अधिकारीले बताए अनुसार सो गाँजा कूचबिहार देखि सिलगड़ी ल्याइएको थियो। स्मरण रहोस विगत दुई-तीन साता देखि दार्जीलिङ पुलिसले पहाड़ र तराई क्षेत्रलाई नशामुक्त पार्ने अभियान चलाई रखेको छ।यस अभियानमा दार्जीलिङ ,मिरिक, खरसांग सिलगड़ी महकुमा तथा कालेबुङ जिल्लाबाट धेरै मात्रामा मादक पदार्थहरू , गाँजा , हेरोईन र ड्रग्स आदि बरामद गरि दर्जनौ तस्करहरूलाई गिरफ्तार गरिएको छ।

## सरकारी कर्मचारीहरू -नवान्न अभियान

राज्यको टिएमसी सराकारले आफ्ना कर्मचारीहरूलाई बाँकी महंगाई भत्ता नदिएको विरोध स्वरूप आउँदो जुलाईको दिन कर्मचारी संगठनहरूले नवान्न अभियान गर्ने घोषणा गरेका छन्। सर्वोच्च न्यायालयले राज्य सरकारले रहल डी.ए को २५ प्रतिशत राशि तत्काल भूक्तानी गर्ने आदेश राजय सराकारलाई धैरै अघाड़ी दिए तापनि अहिले सम्म सरकारले भूक्तानी गरेको छैन वरू टलमटोल गरिरहेको छ। कर्मचारीहरूको संग्रामी संयुक्त रेलवे संयोजक भास्कर घोषले बताए अनुसार हाउड़ा रेलवे स्टेशन परिसर देखि नवान्न सम्म मार्च गरिने छ। तथा रहल डी.ए चाँड़ै दिने मागमा राज्य सरकारमाथि दवाब हालिनेछ।

## शहिद दिवस

आगामी २७ जुलाईमा पालन गरिने शहीद दिवस कुनै एक पार्टी वा जातिको मात्र नभई सबै जातजाति, समुदाय र संगठनहरूले संयुक्त रूपमा पालन गर्नु पर्ने भारतीय गोर्खा परिषद्, भारतीय गोर्खा जन आवाज, एस.डब्लु.सी.सी, हिमालयन यातायात समन्वय संस्था अनि पेंन्शनर कर्मचारी संगठनले आह्वान गरेको छ । यी संगठनका प्रतिनिधिहरुले छुट्टै राज्य आन्दोलनमा बलिदान दिएका सम्पूर्ण शहीदहरूको सम्मान गर्ने उद्देश्यले, सबै समाज, संस्था, राजनीतिक दल तथा आम नागरिकहरूलाई गाउँ–

गाउँमा सामूहिक सहभागिताको साथमा शहिद दिवस पालन गर्ने आह्वान गरेका छन् l उनीहरुले शहीदलाई कुनै जात वा पार्टीको सीमामा बाँध्नु अन्याय हुने बताउंदै , यस दिवसलाई समावेशी, साझा र प्रेरणादायी ढंगले पालन गर्न अनुरोध गरेका छन् l

**<u>मुर्शिदावाद टीएमसी नेता हत्या</u>**

मुर्शिदावाद जिल्लामा हिजो राती फेरी एक टीएमसी नेताको हत्या गरिएको छ ᥤ भारतपुरा थाना क्षेत्र निवासी टीएमसी नेता शस्टी घोषको शव उनको घरको ३ सय मिटर टाडा नदीको किनारमा फेला परेको थियो ᥤ मृतकको परिवारका सदस्यहरुले जनाए अनुसार आलुग्राम पंचायतका टीएमसी नेता घोष हिज साझ देखि खेताला खोज्न गएपछि वेपत्ता भएका थिए ᥤ विगत केही सातादेखि मालदा , मुर्शिदावादसहित विभिन्न जिल्लाहरुमा आपसी वर्चस्व अथवा जमिनहरूमा कब्जा आदिको विषय लिएर टीएमसी- का कार्यकर्ताहरुले टीएमसी- कै कार्यकर्ताहरुको हत्या गरिरहेको छ अर्कोतिर मुर्शिदावाद जिल्लाका विधायक हुमायु कबीरले आउदो १५ अगस्तको दिन नयाँ राजनीतिक पार्टी खोल्ने घोषणा गरेका छन् हुमायु कबीरले पार्टी सुप्रिमो ममता ब्यानर्जीसिट सोझै बागवत गरेका छन् ᥤ हुमायु कबीरले टीएमसी शिर्ष नेतृत्वहरुले पार्टीका खाटी कर्मीहरुको उपेक्षा गरि रहेको तथा दलालहरुलाई प्रभावी बनाइ रहेको गम्भीर आरोप लगाउनु भएको छ टीएमसीको राजमा अल्पसंख्यकहरुलाई केबल भोट ब्यांक बनाइरहेको तथा विश्वासको नाममा केवल छल गरिरहेको गम्भीर आरोप पनि लगाउनु भएको छ ᥤ

***********